आज मिति २०८२।१२।०८ गते आइतबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं ३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

<u>अन्य उपस्थितिः</u>

१. उद्गाम तिमिल्सिना, आ. प्र. शाखा प्रमुख
२. बासु पण्डित, प्रशासन शाखा प्रमुख
३. कमल राउत, पूर्वाधार विकास शाखा प्रमुख
४. तेज कुमार धमला, अधिकृत छैटौं

Scanned with CamScanner

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमति प्रदेश, नेपाल

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ६८
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८२।१२।०८
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।१२।०८ | ११:०० बजे | सर्वशान्ति क्याम्पसलाई रकम निकासा दिने सम्बन्धमा। | शिक्षा शाखा | १ |
| २०८२।१२।०८ | ११:०५ बजे | वडा नं. ६ मा पर्ने समिरराज श्रेष्ठको निजी जग्गाबाट स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही ढुङ्गा तथा माटो उत्खनन् एवं विक्र वितरण गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८२।१२।०८ | ११:१० बजे | DPR प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८२।१२।०८ | ११:१५ बजे | भेरियसन आदेश (Variation Order) स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८२।१२।०८ | ११:२० बजे | तलबी अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | ५ |
| २०८२।१२।०८ | ११:२५ बजे | सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम सञ्चालनको लागि वडा तथा टोल छनौट सम्बन्धमा। | प्रशासन शाखा | ६ |
| २०८२।१२।०८ | ११:३० बजे | साविक करदाता सेवा कार्यालयबाट प्रदान हुँदै आएको सेवा यस स्थानीय तहबाट उपलब्ध गराउन आन्तरिक राजश्व कार्यालय समक्ष माग गरी पठाउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ७ |
| २०८२।१२।०८ | ११:३५ बजे | औषधी उपचार खर्च सहायता उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ८ |
| २०८२।१२।०८ | ११:४० बजे | २ नं. वडा कार्यालयमा दैनिक ज्यालादारीमा कार्यालय सहयोगीको पदमा कार्यरत कर्मचारी नेत्रकुमारी चेपाङलाई सेवा करारमा राखी कामकाजमा लगाउने सम्बन्धमा। | प्रशासन शाखा | ९ |
| २०८२।१२।०८ | ११:४५ बजे | आ.व. २०८२।०८३ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्वन्धमा। | प्रशासन शाखा | १० |
| २०८२।१२।०८ | ११:५० बजे | उपाध्यक्षज्यूको अनुपस्थितिमा निजको अधिकारक्षेत्रभित्र पर्ने कामकाज सञ्चालनको लागि जिम्मेवारी तोक्ने सम्वन्धमा। | प्रशासन शाखा | ११ |
| २०८२।१२।०८ | ११:५५ बजे | खानेपानी धारा जडान गर्न लाग्ने शुल्क सहयोग सम्वन्धमा। | आर्थिक प्रशासन शाखा | १२ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २०८२।१२।०८ | १२:०० बजे | ७ नं. वडामा पर्ने उपर्दाङगढी परिसरको सरसफाई गर्ने सहयोगी बिल बहादुर थापामगरको मासिक पारिश्रमिक वृद्धि गर्ने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १३ |
| २०८२।१२।०८ | १२:०५ बजे | IEE Report स्वीकृत गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १४ |
| २०८२।१२।०८ | १२:१० बजे | नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्रिवितरण सम्बन्धी आय ठेक्काको बोलपत्र आव्हान सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १५ |
| २०८२।१२।०८ | १२:१५ बजे | करारोपणको क्षेत्राधिकार सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १६ |

Scanned with CamScanner

**पूर्व बैठकको समीक्षा**

मिति २०८२।११।२५ मा बसेको ६७ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८२।१२।०८ मा बसेको ६८ औं कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१:** आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको सर्वशान्ति क्याम्पस तलबभत्ता शिर्षकमा विनियोजित रु. १५,००,०००।-(अक्षरेपि पन्ध्र लाख मात्र) बजेट मध्येबाट गाउँपालिकाको ४ नं. वडा कुरिनटारमा रहेको सर्वशान्ति क्याम्पसमा अध्यापनरत सहायक प्राध्यापकहरुको २०८२ साल पुष, माघ र फागुन महिनाको पारिश्रमिक भुक्तानी प्रयोजनको लागि रु. ५,२३,५००।-(अक्षरेपि पाँच लाख तेईस हजार पाँच सय मात्र) रकम अनुदानको रुपमा उपलब्ध गराउने।

**निर्णय नं.२:** यस गाउँपालिकाको ६ नं. वडा (साविक कविलास गा.वि.स. वडा नं. ६) मा पर्ने जग्गाधनी समिरराज श्रेष्ठको नाममा दर्ता कायम रहेको कित्ता नं. १०३, १०४, १६७, १६८ र १६९ का जग्गाहरुबाट माटो तथा ढुङ्गा उत्खनन् तथा बिक्रि वितरण गर्न तयार पारिएको स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भएको कूल परिमाण (माटो ८९२२.१४६ घ.मी. र ढुङ्गा ५९४८.१ घ.मी.) बमोजिमको माटो तथा ढुङ्गाको प्रदेश आर्थिक ऐनमा तोकिएको दरले हुन आउने राजश्व (१३% भ्याट र १.५% अग्रिम आयकर समेत) अग्रिम रुपमा लिई उत्खनन् तथा सङ्कलन क्षेत्रको सिमाना (चार किल्ला) तोकि सम्बन्धित वडाको प्राविधिकको रोहबरमा निकासी गर्ने गरी अनुमति प्रदान गर्ने।

**निर्णय नं.३:** ७ नं. वडामा पर्ने ट्याङ्की चोक, गुरुङ गुम्बा हुँदै स्याङ्दी ढाँडबारी सडक कालोपत्रे गर्ने प्रयोजनको लागि Barbara Engineering Consultancy Pvt. Ltd. Baneshwor-10, Kathmandu ले तयार पारी पेश गरेको DPR Report स्वीकृत गर्ने।

**निर्णय नं.४:** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प.सं. २०७९/०८०, च.नं. ८८५ मिति २०७९/०९/०५ गतेको स्विकृत पत्रानुसार यस गाउँपालिकाको ठेक्का नं. NCB/IRM/10/079/080, Construction of hospital building at Kurintar, Chitwan ward no.-4 सम्बन्धी कार्यको Toilet Building Septic tank soak pit, water tank, Manhole को निर्माण कार्य समावेश गरी साथै linoleum flooring को सट्टा porcelain glazed/non glaze floor tile मा item संशोधन गरी सम्झौता रकमको 7.9% रकम (VAT र PS सहित) नबढ्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा इच्छाकामना गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १२७ को अधिनमा रही स्वीकृत BOQ बमोजिमको सम्झौता रकम रु.१३,५९,११,५७१.८७/-मा संशोधन तथा थप गर्नुपर्ने प्राविधिक आवश्यकता एवं पुष्ट्याँई सहित Variation Order (V.O.) स्वीकृतिका लागि पेश भएकोले सो V.O. रकम लागत अनुमानमा संसोधन गरी नयाँ लागत अनुमान रु.१९,०७,२७,७६८.१८/- तथा स्वीकृत BOQ मा V.O. सहित संसोधित रकम रु.१४,६६,४१,२०४.७७/- स्वीकृत गरी कार्यालयलाई थप आर्थिक व्ययभार पर्ने भएकोले सम्झौता रकममा थप रु.१,०७,२९,६२३.९०/- गाउँपालिकाको आन्तरिक स्रोतमा बचत भए सोबाट तथा नपुग रकम आगामी गाउँसभाबाट बजेट विनियोजन गरी स्वीकृत तथा भुक्तानी दिने गरी पेश भएबमोजिमको Variation Order (VO) स्वीकृत गर्ने।

**निर्णय नं.५:** यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखा अन्तर्गत जनस्वास्थ्य निरिक्षक, अधिकृतस्तर छैटौं तहको पदमा रही स्वास्थ्य शाखा प्रमुखको रुपमा कार्यरत कर्मचारी श्री हरि बहादुर देवकोटा (क.सं.नं.२०६६६२) ले चिकित्सा शिक्षा आयोगद्वारा सरकारी छात्रवृत्तिमा २ वर्षे MPH (Public Health Service Management) कोर्ष अध्ययनको लागि लिइएको प्रवेश परिक्षामा नाम निकाली पोखरा विश्वविद्यालय अन्तर्गतको

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर गुरुङ
अध्यक्ष

स्कुल अफ हेल्थ एण्ड एलाइड साइन्सेस, पोखरामा उक्त कोर्ष अध्ययनको लागि भर्ना समेत हुनुभएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६३ (क) को अधिनमा रही ऐ.ऐनको दफा ५९ को उपदफा (१) र (४) बमोजिम कक्षा शुरु भएको मिति देखि लागू हुने गरी निजको दुई बर्ष अवधिको तलबी अध्ययन विदा स्वीकृत गर्ने।

**निर्णय नं.६:** सुरक्षित आप्रबासन (SaMi) कार्यक्रम अन्तर्गत आ.व. २०८२।०८३ मा सञ्चालन हुने एक दिवसीय तथा तीन दिवसीय वित्तीय साक्षरता कार्यक्रम तपसिलमा उल्लिखित स्थानहरुमा सञ्चालन गर्ने।

तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने स्थान | लक्षित समूह |
|---|---|---|---|
| १. | एक दिवसीय वित्तीय साक्षरता कार्यक्रम | १ नं. वडा हात्तीबाङ, २ नं. वडा हपनी, ३ नं. वडा सिस्नेरी चौतारा, ५ नं. वडा पामडाँडा र ६ नं. वडा कालिखोला | समूह तथा सहकारीमा आवद्ध व्यक्ति वा बैङ्क तथा वित्तीय संस्थामा आवद्ध व्यक्ति |
| २. | तीन दिवसीय वित्तीय साक्षरता कार्यक्रम | ३ नं. वडा सिस्नेरी चौतारा, ६ नं. वडा चनौटे र ७ नं. वडा दाहाखानी | समूह तथा सहकारीमा आवद्ध व्यक्ति वा बैङ्क तथा वित्तीय संस्थामा आवद्ध व्यक्ति, युवा क्लब |

**निर्णय नं.७:** नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०७।१७ को निर्णयानुसार करदाता सेवा कार्यालयहरु खारेज भई साविक करदाता सेवा कार्यालयले सम्पादन गर्दै आएको कार्यहरु कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय तहहरु मार्फत सम्पादन हुने गरी निर्णय भएकोले यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवनबाट सेवा उपलब्ध गराउन बरिष्ठ लेखा अधिकृत श्री उद्गम तिमिल्सिनालाई जिम्मेवारी तोकी आन्तरिक राजश्व कार्यालय भरतपुरलाई सहजीकरणको लागि अनुरोध गरी पठाउने।

**निर्णय नं.८:** सम्बन्धित वडा कार्यालयहरुबाट औषधी उपचार खर्चको लागि प्राप्त भएको सिफारिसहरुको सम्वन्धमा देहाय बमोजिम गर्ने।

(क) ३ नं. वडा निवासी मंगल बहादुर प्रजाको बुहारी मन बहादुर चेपाङको श्रीमती ना.प्र.प.नं.२१३४-०६२ की चन्द्र कुमारी चेपाङका छोरा ना.प्र.प.नं. ३५-०१-७२-०९४३८ को सन्तोष चेपाङको हातको हड्डी फुस्की भरतपुर अस्पतालमा उपचार गराइरहेको तर आर्थिक अवस्था कमजोर भएका कारण उपचारमा कठिनाई परेको भनी वडा कार्यालयको सिफारिस सहित उपचार खर्च सहायता माग गर्नुभएकोले प्राप्त बिल भर्पाईका आधारमा विपन्न नागरिक उपचार आर्थिक सहायता शिर्षकबाट खर्च लेख्ने गरी अधिकतम रु.२०,०००।-(अक्षरेपि बीस हजार मात्र) रकम उपचार सहायता बापत उपलब्ध गराउने।

(ख) ४ नं. वडा निवासी बुद्ध सिं मगरको छोरा ४ नं. वडाका वडा सदस्य ना.प्र.प.नं. ८७६/०३४ का श्री जित बहादुर मगरलाई मलद्वारको क्यान्सर पुष्टी भई तत्काल थप उपचार गराउनुपर्ने भएको तर निजको आर्थिक अवस्था अति कमजोर भएको भनी उपचार खर्च सहायताको लागि सम्बन्धी वडाबाट समेत सिफारिस भई आएकोले प्राप्त बिल भर्पाईका आधारमा उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट खर्च लेख्ने गरी बढीमा रु.३५,०००।-(अक्षरेपि पैंतिस हजार मात्र) रकम उपचार सहायता बापत उपलब्ध गराउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं.९:** २ नं. वडा कार्यालय हपनीमा कार्यालय सहयोगीको पदमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी श्री नेत्र कुमारी चेपाङ (ना.प्र.प.नं. ३५-०१-८१-०८३४३) को कार्यसम्पादन सन्तोषजनक रहेको र निजलाई सेवा करार मार्फत कामकाजमा लगाउन वडा कार्यालयबाट सिफारिस भई आएकोले २०८३ साल बैशाख १ गतेदेखि लागू हुनेगरी सेवा करार गरी कामकाजमा लगाउने।

**निर्णय नं.१०:** आ.व. २०८२।०८३ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२।१२।२० गते शुक्रबारका दिन विहान ११:३० बजे ७ नं. वडाको सिमलढापमा सञ्चालन गर्ने।

**निर्णय नं.११:** गाउँपालिकाका उपाध्यक्ष, न्यायिक समिति संयोजक एवं योजना अनुगमन समिति संयोजक श्री माया सिलवालज्यू व्यक्तिगत कामकाजको सिलसिलामा वेलायत भ्रमणको लागि जानु भएकोले वहाँ यस कार्यालयमा उपस्थित नभएसम्मको लागि निजको जिम्मेवारी भित्र पर्ने सम्पूर्ण कामकाज गर्ने गरी ४ नं. वडाका वडा अध्यक्ष एवं पूर्वाधार विकास समितिका संयोजक श्री रुद्र प्रसाद उप्रेतीलाई जिम्मेवारी तोक्ने।

**निर्णय नं.१२:** ४ नं. वडा निवासी बिष्णुमाया परियार (ना.प्र.प.नं. ४४३०१०/४९८) विपन्न दलित परिवार भित्र पर्ने र आर्थिक अवस्था नाजुक भएको कारण निजले आफ्नो घरमा खानेपानीको धारा जडान गर्नको लागि खानेपानी उपभोक्ता समितिलाई तिर्नुपर्ने शुल्क तिर्न नसकेको कारण खानेपानी उपभोग गर्नबाट वञ्चित हुनुपरेको कारण देखाई आर्थिक सहयोगको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित सहयोगका लागि माग भई आएकोले प्राप्त बिल भर्पाईका आधारमा उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट खर्च लेख्ने गरी खानेपानी धारा जडान गर्न लाग्ने शुल्क कुरिनटार ग्रामिण खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई भुक्तानी दिने।

**निर्णय नं.१३:** ७ नं. वडामा पर्ने ऐतिहासिक पर्यटकीय क्षेत्र उपर्दाङगढी परिसरको सरसफाई गर्ने सहयोगीको रुपमा कार्यरत वडा नं. ७ निवासी बिल बहादुर थापामगर (ना.प्र.प.नं.१९५/०३४) लाई २०८३ साल बैशाख १ गते देखि लागू हुने गरी मासिक रु. १०,०००।- (अक्षरेपि दश हजार मात्र) पारिश्रमिक उपलब्ध गराउने।

**निर्णय नं.१४:** यस गाउँपालिका अन्तर्गत वडा नं. ४ मा पर्ने त्रिशुली नदिको बगर (सोता बगर) क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा लगाएतका नदीजन्य पदार्थ उत्खनन् तथा निकासी कार्यकोलागि NKA Engineering Consultant Pvt. Ltd., Tarkeshswor-4, Kathmandu ले तयार गरी पेश गरेको **IEE Report** स्वीकृत गर्ने।

**निर्णय नं.१५:** आ.व. २०८२।०८३ को आन्तरिक आयको लक्ष पुरा गर्न गाउँपालिकाको ७ नं. वडामा पर्ने खगेरी खोला बगर र स्याङ्दी खोला बगर क्षेत्रबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल) उत्खनन् तथा विक्रि वितरणको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४, गाउँपालिकाबाट स्वीकृत IEE प्रतिवेदन, ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८२, आय तथा रकम र ठेक्का बन्दोबस्त ऐन, २०२० र नियमावली, २०२२ लगाएतका कानूनी प्रावधानहरुको अधिनमा रही वोलपत्र आव्हान गरी आय ठेक्काको प्रकृया अगाडी बढाउने।

**निर्णय नं.१६:** इच्छाकामना गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ तथा २०८२/०८३ को आर्थिक ऐनमा व्यवस्था गरिएका करहरु गाउँपालिकाको क्षेत्राधिकार बाहिर गएर करारोपण नगरेको व्यहोरा प्रमाणित गरिन्छ।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष